# संवत् २०८१ साल साउन २२ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अर्थ मन्त्रालय | एसियाली विकास बैंकबाट Climate Resilient Landscapes and Livelihoods परियोजनाको लागि प्रस्ताव गरिएको २० मिलियन अनुदान तथा १० मिलियन अमेरिकी डलर ऋण सहायता स्वीकार गर्ने सम्बन्धमा वार्ता टोली गठन गर्ने। |
| २. | अर्थ मन्त्रालय | बेलायत सरकारबाट SAMARTHA: Enhancing Gender & Human Development Outcomes Through Systems Strengthening कार्यक्रमका लागि प्राप्त हुने ३८.८ मिलियन पाउण्ड स्टर्लिङ (करिब रु. ६ अर्ब ५८ करोड) अनुदान सहायतासम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने। |
| ३. | अर्थ मन्त्रालय | बेलायत सरकारबाट Resilience, Adaptation and Inclusion in Nepal (RAIN) कार्यक्रमका लागि प्राप्त हुने ३८.५ मिलियन पाउण्ड स्टर्लिङ (करिब रु. ६ अर्ब ५० करोड) अनुदान सहायतासम्बन्धी समझदारीपत्र स्वीकृत गर्ने। |
| ४. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | राजस्व न्यायाधिकरण, नेपालगञ्जको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासका माननीय न्यायाधीश श्री श्यामजी प्रधानलाई तोक्ने। |
| ५. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सत्य निरुपण तथा मेलमिलाप आयोगका सचिव श्री उदयराज सापकोटालाई कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको सचिव र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री फणीन्द्र गौतमलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव पदमा सरुवा गर्ने। |
| ६. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित प्रथम श्रेणीका देहायका अधिकृतहरूलाई सोही सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको देहायको पदमा बढुवा गरी पदस्थापन गर्नेः<br>(क) रक्षा मन्त्रालयको सहसचिव पदमा कार्यरत श्री आलोक चन्द्र श्रेष्ठलाई सत्य निरुपण तथा मेलमिलाप आयोगको सचिव पदमा।<br>(ख) नेपाल कानून आयोगको सहसचिव पदमा कार्यरत श्री पाराश्वर ढुङ्गानालाई नेपाल कानून आयोगको सचिव पदमा। |
| ७. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | श्रम अदालतको अध्यक्ष पदमा उच्च अदालत सुर्खेतका माननीय न्यायाधीश श्री जनक पाण्डेलाई तोक्ने। |
| ८. | गृह मन्त्रालय | प्रहरी नायब महानिरीक्षक रामदत्त जोशीलाई नेपाल प्रहरीको जनपद प्रहरी समूहतर्फको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा बढुवा गर्ने। |

<table>
<tr><td>९.</td><td>गृह मन्त्रालय</td><td>नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षकहरूलाई देहायबमोजिक सरुवा तथा पदस्थापना गर्नेः<br>(क) सरुवा
<table>
<tr><th>नाम, थर</th><th>साबिक दरबन्दी</th><th>सरुवा गरिएको दरबन्दी</th></tr>
<tr><td>दिपक थापा</td><td>काठमाडौं उपत्यका प्रहरी कार्यालय</td><td>केन्द्रीय अनुसन्धान ब्यूरो</td></tr>
<tr><td>श्यामलाल ज्ञवाली</td><td>केन्द्रीय अनुसन्धान ब्यूरो</td><td>प्रहरी प्रधान कार्यालय</td></tr>
<tr><td>किरण बज्राचार्य</td><td>प्रहरी प्रधान कार्यालय</td><td>काठमाडौं उपत्यका प्रहरी कार्यालय</td></tr>
</table>
(ख) पदस्थापना
<table>
<tr><th>नाम थर</th><th>साबिक दरबन्दी</th><th>पदस्थापन दरबन्दी</th></tr>
<tr><td>रामदत्त जोशी</td><td>नेपाल प्रहरी प्रधान कार्यालय, प्रदेश समन्वय विभाग</td><td>नेपाल प्रहरी प्रधान कार्यालय, कार्य विभाग</td></tr>
</table></td></tr>
<tr><td>१०.</td><td>रक्षा मन्त्रालय</td><td>नेपाली सेनाका १ जना सहायक रथीलाई उपरथी पदमा, ४ जना महासेनानीलाई सहायक रथी पदमा, १ जना प्रमुख सेनानीलाई महासेनानी पदमा र १ जना आक्टिङ महासेनानीलाई महासेनानी पदमा बढुवा गर्ने।</td></tr>
<tr><td>११.</td><td>रक्षा मन्त्रालय</td><td>राष्ट्रिय सुरक्षा परिषदको राष्ट्रिय सुरक्षा सल्लाहकारको नियुक्ति, सेवा शर्त तथा सुविधासम्बन्धी निर्देशिका, २०८० खारेज गर्ने।</td></tr>
<tr><td>१२.</td><td>सहरी विकास मन्त्रालय</td><td>नगर विकास कोषमा रिक्त रहेको कार्यकारी निर्देशक पूर्ति नभएसम्म बढीमा तीन महिनाको लागि काम गर्ने गरी कोषका बरिष्ठ कर्मचारी उपप्रबन्धक (प्रा.) श्री राजेश कुमार भोछिभोयालाई तोक्ने।</td></tr>
<tr><td>१३.</td><td>सहरी विकास मन्त्रालय</td><td>नगर विकास कोष ऐन, २०५३ को दफा १४ को उपदफा २(घ) बमोजिम नगर विकास कोष सञ्चालक समितिको सदस्य पदमा देहायका पदाधिकारीहरूलाई मनोनीत गर्ने-<br>१. कोशी - रङ्गेली नगरपालिका प्रमुख श्री दिलिप कुमार अग्रवाल<br>२. मधेस - बरहथवा नगरपालिका प्रमुख श्री कल्पना कटुवाल<br>३. बागमती - गोकर्णेश्वर नगरपालिका प्रमुख श्री दिपक रिसाल<br>४. गण्डकी - पोखरा महानगरपालिका उपप्रमुख श्री मन्जु गुरुङ<br>५. लुम्बिनी - तिलोत्तमा नगरपालिका प्रमुख श्री रामकृष्ण खाँड<br>६. कर्णाली - पन्चपुरी नगरपालिका प्रमुख श्री लालबीर भण्डारी<br>७. सुदूरपश्चिम - लम्कीचुहा नगरपालिका प्रमुख श्री सुशिला शाही</td></tr>
</table>

# संवत् २०८१ साल साउन २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय

| क्र.सं. | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०८१ साल साउन २३ गते नुवाकोट जिल्लाको शिवपुरी गाउँपालिकाको सूर्यचौरमा एयर डाइनेष्टि हेली सर्भिसेज प्रा.लि.को 9N-AJD कल साइन रहेको हेलिकप्टर दुर्घटना भएकोले सोको जाँच गरी काम शुरु गरेको मितिले ३० दिनभित्र सिफारिससहितको प्रतिवेदन पेश गर्न नेपाली सेनाका बरिष्ठ पाइलट श्री सुवाष थापाको संयोजकत्वमा तीन सदस्यीय दुर्घटना जाँच आयोग गठन गर्ने। |